**Voice : A Biannual & Bilingual Journal**
*2023 August, Vol : 15, No. 1, pp.99-107*

# महानन्द ढकालको सिमाना मुक्तक सङ्ग्रहमा सबाल्टर्न

महेन्द्र वाग्ले[1]

Article History: Received: June 18, 2023 Reviewed : July 20, 2023 Accepted: August 10, 2023

**सार**

प्रस्तुत लेख महानन्द ढकालको सिमाना मुक्तक सङ्ग्रहमा सबाल्टर्न अध्ययन गरिएको छ । सबाल्टर्न वर्गहितप्रति समर्पित रहर वर्तमान साहित्य र समालोचनाको क्षेत्रमा विकसित नवीन मान्यता भएकाले यससँग सम्बद्ध सैद्धान्तिक आधारमा मुक्तकहरूको अध्ययन गर्न लागिएको हो । सबाल्टर्न अध्ययनलाई उच्च विवादको बीचबाट र आलोचनात्मक पृष्टभूमीको गर्भबाट हुकिएको अभियान मानिन्छ । भारतबाट विकसित भएर विभिन्न मुलुकमा फैलिएको यो अध्ययन पद्धति भएकाले पूर्वबाट पश्चिम फैलिएको सशक्त अभियान मानिएका छ । सबाल्टर्न अध्ययनमा विभिन्न जातजति, महिला, दलित, पिछडिएका क्षेत्र र सीमान्तकृत वर्गको बोली साथै इतिहासबाट बहिष्कृत भएकाको पहिचनको खोजी गरिन्छ । यस लेखमा पनि निम्नवर्गीय सबाल्टर्न वर्गको समस्यालाई पहिल्याउने र उनीहरूले भोग्नु परेको अन्याय, अत्याचार, अधिनस्थ भएको अवस्था साथै विद्रोहका स्वरलाई समेटिएको छ । यसमा प्राथमिक र द्वितीयक स्रोतका सामग्रीको सङ्कलनका लागि पुस्तकालयीय पद्धतिको उपयोग गरिएको छ र सबाल्टर्नसँग सम्बन्धित सैद्धान्तिक ढाँचा तयार गरेर निगमन विधिबाट मुक्तकहरूको विश्लेषण गरिएको छ । यसमा राज्यव्यवस्था र सबाल्टर्नको अवस्था, वर्गीय सबाल्टर्न साथै सबाल्टर्न वर्गको प्रतिकार र विद्रोहलाई अध्ययनको विषय बनाइएको छ । यस अध्ययनले उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थी, शोधकर्ता र प्रज्ञिक क्षेत्रमा जिज्ञासा राख्ने व्यक्तिहरूलाई नवीन ज्ञान प्रदान गर्नेछ । यस आलेखमा ढाकालको सिमाना मुक्तक सङ्ग्रहमा सबाल्टर्नको विषयवस्तुमा मूलतः राज्यव्यवस्था साथै वर्गीय आधारमा सबाल्टर्न वर्गलाई अधीनस्थ बनाइएको हुनाले दुःख, पीडा र असमानताको अन्त्यका लागि प्रतिकार र विद्रोह गरेको अवस्था प्रस्तुत गरिएको निष्कर्ष रहेको छ ।

शब्दकुञ्जी : सीमान्तकृत, अधीनस्थ, गैरअभिजातीय, हेजोमोनी, किनारीकृत

[1]उपप्राध्यापक, त्रिभुवन विश्वविद्यालय, महेन्द्र बहुमुखी क्याम्पस, नेपालगन्ज
इमेल : sajalwagle@gmail.com

ISSN : 2091-2161
©The Author(s)

Published by Autar Dei Chaudharain Research Centre (ADCRC), Mahendra Multiple Campus, Nepalgunj, Banke
The open access article is distributed under a Creative Common Attribution (CC BY-NC 4.0) licence.

**विषय परिचय**

मुक्तक नेपाली साहित्यमा परिचित विधा हो । मुक्तक आकार, प्रकार, स्वरूप, पद्धति तथा प्रवृत्तिका आधारमा सङ्क्षिप्त हुन्छ । यसमा प्रस्तुत गरिएको एक अनुच्छेदले पूर्ण काव्यिक अभिव्यक्ति प्रदान गर्दछ, एक आवृत्तिको भई आफैमा पूर्ण अर्थ प्रदान गर्न सक्षम मुक्तक खिरिलो, चोटिलो र बोधगम्य हुनु यसको विशेषता हो । यसमा भाव र विचारलाई विस्तार नगरी मितव्ययी र सारगर्भित पदावलीको प्रयोग गरिन्छ । शब्दचमत्कारसहित भाव र विचारको खण्डचित्र यसमा प्रस्तुत भएको हुन्छ भने लयको पनि संयोजन गर्न सकिन्छ । मुक्तक गजलकै लघुरूप हो । मुक्तकलाई साहित्यको एउटा विधाका रूपमा लिइन्छ र यसलाई स्वतन्त्र विधाका रूपमा मानिन थालिएको छ । मुक्तरूपमा आफना भाव र अभिव्यक्ति पोख्ने साहित्यिक विधा नै मुक्तक हो तर यसमा गजल जस्तो असिमित हरफ राख्न मिल्दैन । मुक्तकमा बढमा पनि चार र घटीमा पनि चार हरफ नै हुनुपर्छ । तेस्रो हरफ स्वतन्त्र हुन्छ भने बाँकी हरफमा काफिया मिलेको हुनुपर्छ (https://ne.wikipedia.org/wiki/) । समग्रमा मुक्तक भन्नाले पाठकलाई चमत्कृत शैलीमा आफैमा पूर्ण अर्थ प्रदान गर्न सक्ने कविताको लघु स्वरूपलाई जनाउँछ । नेपाली मुक्तकको विकास नेपाली कविताको इतिहाससँग सम्बद्ध छ । नेपाली कविताको प्राथमिक काल (१८२६-१९४०)अन्तर्गत १८३९ सालमा शक्तिबल्लब अर्यालले लेखेको तनहु भकुन्डो शीर्षकका दुई श्लोकलाई नै मुक्तकको आदिरचना मानेर अध्ययन गरिएको पाइन्छ । त्यसैले नेपालका प्रथम कवि मानिएका सुवासनन्द दासकै समकक्षी शक्तिबल्लभ अर्याल नेपालका प्रथम मुक्तककार हुन् (नेपाल, २०७९) । त्यसपछि गजलकारका रूपमा परिचिट मोतिराम भट्टलाई तत्कालीन समयका केन्द्रीय मुक्तककारका रूपमा लिइन्छ । उनले मोतीमण्डलीको स्थापना गरी समस्यापूर्तिका रूपमा आफ्ना मित्रहरूसहित मुक्तकहरूको लेखन र प्रकाशन गरेका हुन् (पराजुली, २०७१) । यस अर्थमा पनि नेपाली कविताको विकास प्रक्रियासँगै मुक्तक विकसित हुँदै २०३० को दशकपछि मुक्तकको स्पष्ट स्वरूपसहित देखिएको पाइन्छ । नेपाली मुक्तकको विकासमा महत्वपूर्ण योगदान दिने साहित्यकारहरूमा कृणप्रसाद पराजुली, भूपि शेरचन, हरिभक्त कटुवाल, मोहनहिमांशु थापा, धीरेन्द्र मल्ल, महेश प्रसाईं, सरुभक्त, अशेष मल्लको नाम अग्रपङ्क्तिमा रहेको छ । त्यस्तै वासु शशी, ज्ञानुवाकर पौडेल, ध्रुव मधिकर्मी आदि साहित्यकारहरूले यसलाई थप उचाइमा पुऱ्याउने कार्य गरेको पाइन्छ ।

महानन्द ढकाल नेपाली साहित्यको क्षेत्रमा गजलकार, उपन्यासकार साथै मुक्तककारका रूपमा परिचित छन् । उनको सिमाना मुक्तक सङ्ग्रह मुक्तकतर्फको पहिलो कृति हो । उनको खण्डित आत्मा (२०५८ गजल सङ्ग्रह), उस्तैउस्तै नदीका उस्तैउस्तै छालहरू (२०६० गजल सङ्ग्रह), अव्यक्त प्रत्यासा (२०६३ गजल सङ्ग्रह) र घाम उदाए (२०६८ हाइकु सङ्ग्रह), बेसुलो (२०७६ कविता सङ्ग्रह), सिमाना (२०७७ मुक्तक सङ्ग्रह) ब्रुहान (२०७९ उपन्यास) आदि प्रकाशित छन् । उनले यीबाहेक नियात्रा, लघुकथा, गीत, समीक्षा, मुक्तकजस्ता साहित्यका अन्य विधामा पनि कलम चलाएका छन् । साहित्य र साहित्यिक गतिविधिमा २०४६ साल अघिदेखि नै क्रियाशील ढकालको पूर्णिमा साहित्यिक पत्रिका एवं मिसन टुडे राष्ट्रिय दैनिकको साहित्यिक सम्पादकको रूपमा कार्य गरेका छन् । उनले को हलपुर टेलिभिजनबाट साहित्य कार्यक्रमको माध्यमबाट पनि साहित्य र सिर्जनाको क्षोत्रमा योगदान पुऱ्याएका छन् । उनले पूर्णिमा साहित्य प्रतिष्ठानमा अध्यक्षका रूपमा समेत महत्वपूर्ण भूमिका खेलेका थिए ।

सबाल्टर्नलाई नेपाली साहित्यमा विद्वान्हरूले सीमान्तीयता तथा अवरजन नामाकरण अध्ययनका क्षेत्रमा भित्र्याएका छन् । यसमा राज्यको मूलधारभन्दा बाहिर रहेका जातीय, वर्गीय, लैङ्गिकवर्गहरूको सीमान्तीकृत अवस्थालाई जनाउँछ । यसमा इतिहासविहीन, आवाजविहीन तथा आर्थिक, जातीय, लैङ्गिक दृष्टिले शोषित, पीडित वर्ग रहेका हुन्छन् । सबाल्टर्न वर्ग वर्ग हुन् । उनीहरूलाई अधीनस्थ गरी उनीहरूलाई राज्यको मूलधार बाट अलग गराइएको हुन्छ । उनीहरूलाई उपेक्षा गरिएको हुन्छ र उनीहरू आफ्नो हक, अधिकारका लागि लड्न बाध्य पारिएको हुन्छ । नेत्र एटम(२०७४)ले शक्तिबाट बहिष्करणमा परिएका सीमान्तकृत समूहलाई विषय बनाएको तिनका पक्षबाट इतिहास र साहित्यको विश्लेषण र मूल्याङ्कन गरिने दृष्टिकोणलाई सबाल्टर्न अध्ययन भनेका छन् (पृ.२४७) । वर्तमानमा महानन्द ढकालका मुक्तकहरूमा समावेश भएका सबाल्टर्नसँग सम्बन्धित विषयमा अनुसन्धानमूलक लेख लेखिएको देखिँदैन । उनका मुक्तकहरूमा सबालटर्नसँग सम्बद्ध विषयहरू के कस्ता रहेका छन् भन्ने समस्याको समाधानार्थ अनुसन्धेय सबाल्टर्नको सैद्धान्तिक अध्ययनमा केन्द्रित रही यो लेख तयार गरिएको छ । यस लेखमा पनि महानन्द ढकालका मुक्तकमा निम्नवर्गलाई उपेक्षा गरिएको, केन्द्रको पहुँचबाट टाढा रहेको, अधीनस्थ पारिएको र दमित तथा शोषित वर्गले प्रतिकार गरेर आवाज उठाएको विषय

प्रस्तुत गरिएको हुनाले यो अध्ययन प्रज्ञिक दृष्टिले महत्वपूर्ण रहेको छ । अत : ढकालको सिमाना मुक्तक सङ्ग्रहमा सबाल्टर्नसँग सम्बन्धित विषयवस्तुहरू समावेश भएका हुनाले सबाल्टर्नसम्बन्धी मान्यताका आधारमा यस मुक्तक सङ्ग्रहको विश्लेषण गरिएको छ ।

## समस्या कथन र उद्देश्य

सबाल्टर्नको सैद्धान्तिक मान्यताको आधारमा सिमाना मुक्तक सङ्ग्रहमा सबाल्टर्न अध्ययन गर्नु एक महत्वपूर्ण कार्य हो । मुक्तकहरूको अध्ययन र विश्लेषण पाश्चात्य र पूर्वीय साहित्य सिद्धान्त तथा तथा समालोचना प्रणालीका आधारमा हुँदै आएको छ । मुक्तकहरूको अध्ययन र विश्लेषण गर्ने क्रममा सबाल्टर्नलाई आधार बनाएर समालोचना गर्ने र लेख तथा शोधकार्यहरू त्यति पाइँदैन । साथै सिमाना मुक्तक सङ्ग्रहका मुक्तकहरूमा सबाल्टर्नका आधारमा अध्ययन र विश्लेषण नभएको हुनाले यो अध्ययनीय विषय बनेको छ । त्यसैले यस लेखमा राज्यव्यवस्था र सबाल्टर्नको अवस्था, वर्गीय सबाल्टर्नको प्रस्तुति साथै सबाल्टर्न वर्गको प्रतिकार र विद्रोह केकस्तो रहेको छ भन्ने समस्यामा केन्द्रित रही सबाल्टर्नको अध्ययन गर्ने मुख्य उद्देश्यका साथ यो लेख तयार गरिएको हो ।

## अध्ययन विधि

प्रस्तुत अध्ययन सबाल्टर्नको आधारमा सिमाना मुक्तक सङ्ग्रहमा सङ्ग्रहित मुक्तकहरूको विश्लेषणमा केन्द्रित रहेको छ । मुक्तकहरूलाई अध्ययन र विश्लेषण गर्ने क्रममा आवश्यक पर्ने सामग्री सङ्कलनको प्रमुख स्रोत पुस्तकालयलाई बनाइएको छ । यसमा प्राथमिक स्रोतको सामग्रीको रूपमा सिमाना मुक्तक सङ्ग्रहलाई लिइएको छ भने द्वितीय स्रोतको रूपमा यस अध्ययनसँग सम्बन्धित लेख, समालोचना, शोधपत्रलाई सामग्रीका रूपमा उपयोग गरिएको छ । यो अध्ययनमा सबाल्टर्नको अध्ययन गर्दा राज्यव्यवस्था र सबाल्टर्नको अवस्था, वर्गीय सबाल्टर्न साथै सबाल्टर्न वर्गको प्रतिकार र विद्रोह शीर्षकमा विभाजन गरी सबाल्टर्नको विषयलाई केन्द्र बनाइएको छ । सोही आधारमा विश्लेषणको ढाँचा समेत तयार गरी मुक्तकहरूको विश्लेषण गरिएको छ ।

## सैद्धान्तिक आधार

'सबाल्टर्न' अध्ययन विश्वसाहित्यमा देखापरेको नवीन चिन्तन पद्धति हो । सबाल्टर्न शब्द अङ्ग्रेजी शब्द हो यसलाई नेपाली साहित्यका विद्वान्हरूले सीमान्तीयता तथा अवरजन भनिएको पाइन्छ । यस शब्दले राज्यको मूलधारभन्दा बाहिर रहेका जातीय, वर्गीय, लैङ्गिकवर्गहरूको किनाराकृत अवस्थालाई जनाउँछ । तारालाल श्रेष्ठ २०६८)ले सबार्ल्टन सदीयौँदेखि शासित, आवजविहीन तथा इतिहासविहीन वर्गलाई जनाउने बताएका छन् (पृ. १) । यस्ता वर्ग समाजमा शोषित तथा अधीनस्थ रहेका हुन्छन् । उनीहरूको आवाज दबेको हुन्छ । गायत्री चक्रवर्ती स्पिभाकको विचारमा सबाल्टर्न (अवरजन) आफ्ना निम्ति आफैँ बोल्न सक्दैनन् । तसर्थ बौद्धिकवर्गले तिनका लागि बोलिदिनु पर्छ भन्ने उनको मान्यता रहेको छ (शर्मा, २०७०, पृ. ३१८) । उनीहरूको अवाजलाई समाज र राज्यपक्षले वास्ता गरेको हुँदैन । उनीहरूको आवाज मूलधारमा समाहित भएको हुँदैन । मोहनराज शर्मा (२०७०)का अनुसार सबाल्टर्न भनेको यस्तो परिधीय वा सीमान्तकृत समूह, समुदाय वा व्यक्ति हो जो केन्द्रको सुविधा तथा विशेष अधिकारबाट बहिस्कृत र उपेक्षित गरिएको छ (पृ. ३१९) । यही सबाल्टर्न अध्ययन सांस्कृतिक अध्ययनसँग सम्बन्धित छ । सांस्कृतिक अध्ययनमा सामाजिक संरचनाका विभिन्न तहमा प्रभुत्व र विचारधारा, उत्पीडित र उत्पीडक बीचका सम्बन्धहरूलाई हेरिन्छ (गिरि, २०७०, पृ.३१) । यो सांस्कृतिक अध्ययन पद्धति बेलायती नवमार्क्सवादीहरूले विकास गरेका हुन् । यसमा निम्नवर्गको उपस्थिति र भूमिकाको खोजी गरिन्छ । 'सबाल्टर्न' अध्ययन पनि यही सांस्कृतिक अध्ययनभित्रको एउटा प्रमुख अवधारणा हो । 'सबाल्टर्न' शब्दको प्रयोग र यसका मान्यताको प्रतिपादनको श्रेय इटालीका मार्क्सवादी चिन्तक एन्टोनियो ग्राम्सीलाई दिइएको छ । उनले सन् १९२६ मा इटालीमा फासिस्ट शासन सत्ताले जेल हालेपछि जेलजीवनमा लेखेको पुस्तक 'प्रिजन नोटबुक्स' मा यस शब्दको प्रयोग गरेका छन् । उनले निम्न वर्ग तथा अदर्सका रूपमा रहेका पहिचान नभएका वर्गका लागि यो शब्दको प्रयोग गरेका हुन् ।

ग्राम्सीको मूल विचार प्रभुत्वसँग सम्बन्धित रहेको छ । उनले प्रभुत्का विषयलाई प्रस्ट पार्ने क्रममा सबार्ल्टनको विषयलाई पनि प्रस्तुत गरेका छन् । उनले 'प्रिजन नोटबुक्स'मा कुनै परिभाषा, अर्थ र इतिहासका पानामा र आम नागरिक समाजको साथ नजोडिएका वर्ग र समूहका लागि सबाल्टर्न वर्ग भनेका छन् । उनले सहमतीय आधारमा बौद्धिक तथा नैतिक नेतृत्वको सिर्जना गरी प्रभुत्व कायम गरिन्छ भन्ने नवीन धारणाको विकास गरे । उनले प्रभुत्वशाली वर्गले आफ्नो विचारधारालाई स्थापित गर्न विभिन्न उपकरणहरूको प्रयोग गर्ने

बताए । दमन र सहमतीय आधार मध्ये सहमतीय आधारलाई प्रभुत्वशाली वर्गले अधिक चयन गरी अधीनस्थ बनाउने गर्दछ । प्रभुत्वकै कारणले गर्दा निम्न वर्ग आफू सहज रूपमा प्रभुत्वशाली वर्गको अधीनलाई स्वीकार गरिरहन्छ र पूँजीपति वर्गले आफ्नो स्वार्थ पूरा गर्दछ । श्रमिकहरूले पनि सामाजिक, सांस्कृतिक तथा संस्थागत विचारधाराको आधारमा पूँजीपति वर्गले आफूलाई गरेको शोषणलाई पनि उनीहरूको अधिकारका रूपमा ग्रहण गरेका हुन्छन् । ग्राम्सीले यस्तो प्रभुत्व कायम गर्नका लागि राजनैतिक समाज, चर्च र शैक्षिक संस्था वा निजी संस्थाहरू समेटिएको नागरिक समाज गरी दुई तहमा हुने मानेका छन् । ग्राम्सीको विचारमा यही संस्थाहरूको माध्यमबाट समाजमा आफ्नो प्रभुत्व कायम हुने बताएका छन् । त्यस्तै यस्तो अवस्थामा सबाल्टर्न वर्गले यसलाई नबुझी सहज रूपमा स्वीकार गरेका हुन्छन् । ग्राम्सीको सबाल्टर्नसँग सम्बन्धित चिन्तन सन् १९८० को दशकमा आएर भारतीय इतिहासकारहरूले सबाल्टर्न अध्ययन समूहको गठन गरी अधीनस्थ विषयवस्तुमाथि लेखन प्रारम्भ गरे । त्यसमा रञ्जित गुहा प्रमुख व्यक्तिसहित बाह्र जना विद्वानहरूको सहभागिता थियो । उनीहरूले सन् १९८२ देखि सन् २००५ सम्म बाह्र अङ्कसम्म सिमान्तीकृत समूहका तथा दबेका र दबाइएका आवाजहरूलाई समेटी लेखहरू प्रकाशित गरे । यी पुस्तकहरूमा विशेष गरी इतिहासका विषयहरू हुने गरेका थिए तर चौथो अङ्कदेखि साहित्यिक विषयहरूको अध्ययनलाई पनि समेटिएको पाइन्छ । अतः यस लेखमा यही सबाल्टर्नको सैद्धान्तिक आधारलाई मुक्तकहरूको अध्ययन र विश्लेषणको आधार बनाइएको छ ।

**अर्थापनको ढाँचा**

सबाल्टर्नको सैद्धान्तिक मान्यतालाई आधार बनाएर समालोचना गर्न सकिने मुक्तकहरूमध्ये महानन्द ढकालको सिमाना मुक्तक सङ्ग्रह पनि एक हो । यसमा प्रस्तुत आर्थिक, सामाजिक र राजनीतिक विषयहरूका साथै निम्नवर्गका समस्याहरूलाई मुक्तकहरूमा समावेश गरिएको छ । यो विषय सबाल्टर्नसँग सम्बद्ध छ । अतः यसमा सबाल्टर्नका दृष्टिले मुक्तकहरूलाई अध्ययन र विश्लेषण गर्नका लागि निम्न अर्थापनको ढाँचा निर्माण गरिएको छ :

| ढाँचा क्रम | शोध्यप्रश्न | विश्लेषणको ढाँचा |
|---|---|---|
| (१) | सिमाना मुक्तक सङ्ग्रहमा सङ्ग्रहित मुक्तकहरूलाई सबाल्टर्नका आधारमा कसरी विश्लेषण गर्न सकिन्छ ? | (१) राज्यव्यवस्था र सबाल्टर्नको अवस्था,<br>(२) वर्गीय सबाल्टर्न,<br>(३) सबाल्टर्न वर्गको प्रतिकार र विद्रोह । |

**सिमाना मुक्तक सङ्गहमा सबाल्टर्न**

सबाल्टर्नको विषय निम्न वर्गीय पीडा, दुःख, दमन, शोषण तथा अधीनस्थ बनाइएको अवस्थासँग सम्बद्ध रहेको छ । सबाल्टर्न अध्ययनको इतिहास पूर्वदेखि पश्चिमी फैलिरहेको अवस्थामा नेपाली साहित्य र समालोचनाको क्षेत्रमा पनि यसको विशिष्ट स्थान रहेको पाइन्छ । महानन्द ढकालका मुक्तकहरूमा पनि निम्न वर्गलाई विभिन्न आधारहरूमा अधीनस्थ बनाइएको तथा सिमान्तीकृत गरिएका विषयवस्तुहरू रहेका छन । अतः उनका मुक्तकहरूलाई सबाल्टर्नको सैद्धान्तिक मान्यताका आधारमा अध्ययन गर्न सकिने आधार प्राप्त भएको हुनाले सबाल्टर्नले अपेक्षा गरिएका विषयवस्तुहरू समेटी निम्न उपशीर्षकमा विभाजन गरी उनका मुक्तकहरूलाई विश्लेषण गरिएको छ :

**(क) राज्यव्यस्था र सबाल्टर्न अवस्था**

सबाल्टर्न वर्ग त्यो वर्ग हो जसलाई इतिहासबाट वञ्चित गरिएको हुन्छ । राज्य पक्ष वा सामाजिक मूल्य मान्यताका आधारमा विभिन्न तवरले पछाडि पारिएको हुन्छ । नेपालमा विभिन्न जात, जाति, धर्म, संस्कृति, वर्ग, लैङ्गिकता आदिका आधारमा सीमान्तीकृत गरिएका समुह, समूदाय, वर्गहरू रहेका छन् । प्रभुत्वशाली विचारधारकाका आधारमा निम्न वर्गलाई सधैं अधीनस्थ पार्ने कार्य भएको छ र यही समसामयिक विषयलाई पनि ढकालले मुक्तकहरूमा समावेश गरेका छन् । जुन निम्न प्रस्तुत गर्नु सान्दर्भिक हुन्छ :

जोताहाले आफ्नै जमीन खन्ने दिन कहिले आउँछ ?<br>
श्रमिकहरू पनि मालिक बन्ने दिन कहिले आउँछ ?<br>
वादप्रतिवादको कुरा होइन यो, स्वभाविक हो<br>
हाम्रो समान अधिकार भन्ने दिन कहिले आउँछ ? (पृ. १२)

राज्य व्यवस्थामा राज्यको बागडोर प्राप्त गर्नका लागि नारा लगाउनेहरूले सर्वाहारा वर्गका लागि नारा लगाउँछन् र राज्य सञ्चालन गर्ने क्रममा श्रमिकहरूलाई बिर्सन्छन् । भन्नेले 'जसको जोत उसको पोत' भन्ने नारा लगाएर पनि आफूलाई स्थापित गरे र तल्लो तहलाई आफूले उनीहरूकै हितमा कार्य गरेको भन्ने भान पारे तर जोत्नेको जमिन हो भनेर लालपुर्जा दिने तथा प्राप्त हुने दिन कहिल्यै आएन भन्ने मुक्तककारको गुनासो यसबाट प्रस्ट हुन्छ । तर श्रमिकहरू मालिक बन्ने दिनमा पक्कै समानताका कुराहरू आउँछन् र सबैको हित हुने कुरामा आशावादी रहेको तर्फ मुक्तककारले सङ्केत गरेका छन् । त्यस्तै राज्यले निम्न वर्ग तथा श्रमिक वर्गको पक्षमा कार्य गरेको छैन भन्ने विचार पनि उनका मुक्तकमा प्रस्तुत भएका छन् । यस विचारलाई गजलकार यसरी व्यक्त गर्दछन् :

भाँचिन्छ वर्षौंदेखिको आश तब के हुन्छ ?
बास छाडेर टाढिन्छ खास तब के हुन्छ ?
ऋण तिर्नु छ, जीवन फेर्नु छ भनेर उड्नेको
रातो बाकसमा आउँछ लास तब के हुन्छ ? ( पृ. ५५)

वास्तवमा श्रमिक वर्गले स्वदेशमा पनि जोत्ने खेत प्राप्त गर्न सकेको छैन न त राज्यले रोजगारको व्यवस्था गरेर खान लगाउन पुग्ने वातावरण तयार गरेको छ । नेपाली निम्न वर्ग मात्र नभई मध्यम वर्ग पनि आफ्नो बास छाडेर जीवनमा आफ्नो ऋण तिरेर नयाँ परिवर्तन ल्याउन विदेशमा काम गर्न जानु पर्ने बाध्यात्मक परिस्थिति रहेको छ । यसरी श्रम गर्दा कैयौ नेपालीहरूको अकालमा मृत्युका कारण लास रातो बाकसमा आउने गरेकोमा पनि गजलकार चिन्तित रहेका छन् । उनको यो पनि राज्य व्यवस्थामा देखिएको कमिकमजोरीका कारण नेपाल जनले भोग्नु परेको पिडा भएको गजलकारले समकालीन यथार्थ पक्षलाई प्रस्तुत गरेका छन् । त्यस्तै विश्व विज्ञान र प्रविधि साथै विकासको गतिमा फड्को मारी रहेको अवस्थामा आफूलाई पनि नवयुगको भन्ने रुचाउने आजको नयाँ पुस्ताले पनि विश्वका सबै कुराहरूको अनुभूति गर्न चाहन्छ तर राज्य यसमा अनउत्तरदायी भएको देखिन्छ । यस सन्दर्भलाई गजलकार ढकालले यसरी सम्बोधन गरेका छन् :

युवाहरू सधैं हतार हतार देखिन्छन्
हिजो जस्तै आज लगातार देखिन्छन्
देश कसरी बन्छ केटाकेटी र बुढाबुढीले ?
गर्न सक्नेहरू दुबई कतार देखिन्छन् । (पृ. ८२)

युवा अवस्थामा इच्छा र चहना धेरै हुन्छन् र नयाँ नौलो पनि । यसलाई सम्बोधन गर्न अहिलेको अवस्थामा राज्यव्यवस्था सक्षम देखिदैन् । जसको फलस्वरूप नेपाली युवायुवतीहरू विदेश जान हतार गरिरहेका हुन्छन् । आफ्नो उर्जाशील समय विदेशमा खर्च गरेर बुढ्यौलीमा स्वदेश फर्किएर कसरी देशको उन्नति हुने हो भन्ने प्रश्न पनि मुक्तककारले यसमा प्रस्तुत गरेका छन् । यसबाट मुक्तककार ढकालले देश बनाउनका लागि युवाहरूलाई स्वदेशमा श्रम गर्नु पर्दछ भन्ने भावना जागृत गराउनु पर्ने र राज्यले पनि त्यसका लागि सोच्नु पर्ने सङ्केत दिएका छन् जुन मुक्तकाशंले राज्यव्यवस्था र सबाल्टर्नकको अवस्थालाई प्रस्तुत गरेको छ ।

**(ख) मुक्तकमा वर्गीय सबाल्टर्न**

समाजमा मानिसलाई वर्गीय रूपमा विभेद गरिएको हुन्छ । विभेदमा परेका वर्गहरू अन्य (यतजभचक) हुन् । उनीहरू मूलधारको पहुँच तथा राजनीतिबाट टाढा हुन्छन् । उनीहरू आफू अधीनस्थ भएको अवस्थालाई आफ्नो भाग्यको खेल हो भनेर तथा राज्यको नियम कानुनका मान्यताहरूलाई ठिक हो भनेर स्वीकार गरिरहेका हुन्छन् । ती अदर्स निम्न वर्ग नै हुन् जसले आफू जन्मिएको विषयलाई पनि गर्वका रूपमा लिन सकिरहेको हुँदैन । यसैले यस सन्दर्भमा मुक्तककारको निम्न मुक्तकाशं उल्लेखनीय रहेको छ :

पहिले नै मलाई म बनाउनुअघि सोच्नुपर्थ्यो
टाउकोमा गिदी, मुटुमा धड्कन सजाउनुअघि सोच्नुपर्थ्यो
न फेर्न सकिन्छ, न साट्न नै सकिन्छ यो जिन्दगी
जिउँदै चितामा जलाउनुभन्दा, जन्माउनुअघि सोच्नुपर्थ्यो । (पृ.१०)

निम्न वर्गले आफ्ना सन्तानको लालनपालन तथा उनीहरूको अवश्यकता पूरा गर्न निकै कठिन हुन्छ । संसारमा पाइला टेकेर ठूलो हुँदासम्मको अवस्थामा उसले निकै दुःख, कष्ट, पीडा र अपमानहरूको सामना गर्नुपर्दछ। त्यसैले सबाल्टर्न वर्गका व्यक्तिहरूले आफ्ना सन्तानलाई जन्माउनअघि सोच्नुपर्ने कुरालाई यस मुक्तकमा व्यक्त गर्दै आफ्नै सन्तानलाई विभिन्न अभावको कारण चितामा समेत आफ्नै आँखा अगाडि जलाउनु पर्ने जस्तो परिस्थितिबाट सबाल्टर्न वर्गले जीवन यापन गरिरहेको विषयलाई यसमा प्रस्तुत गरेका छन् । यसबाट सबाल्टर्न वर्गप्रति गरि एको उपेक्षाको सङ्केत प्राप्त भएको छ । त्यस्तै सबाल्टर्न वर्गमा पुरुषको तुलनामा नारी झन दोहोरो पीडामा पर्ने वर्गमा पर्छन् । उनीहरू आफ्नो समानताको अधिकारबाट वञ्चित रहेका छन् । हामी अर्थिक र पहिचानको सवालमा नारीलाई दोहोरो सीमान्तकृत अवस्थामा पाउन सक्छौं (अधिकारी, २०१८ पृ.४) । नारीका नारी एकातिर नारी भएकै कारणले समाज तथा पितृसत्ताले अधीनस्थ बनाउँछ भने अर्कोतर्फ निम्न वर्ग भएको कारणले अधीनस्थ हुन बाध्य हुन्छन् । यस सन्दर्भमा मुक्तककार ढकालको निम्न मुक्तक उल्लेखनीय रहेको छ :

सिउँदोमा सिन्दूर हातमा चुरा देखिए
र पनि उनका चाहाना अधुरा देखिए
सिन्दूर, चुरा, पोतेले पूर्णता दिँदो रहेनछ
हृदय विधवा, सन्तान टुहुरा देखिए । (पृ.४१)

पितृसत्तात्मक सामाजिक संरचनामा नारीलाई अधीनस्थ बनाउने विभिन्न सामाजिक तथा धार्मिक संस्कारका मान्यताहरूलाई आधार बनाइन्छ । नारीलाई विवाह गरेर भित्र्याएपछि आर्थिकबाहे क घरका सबै जिम्मेवारी सम्हान लगाएर पनि केही नगरेर बसेकी भन्न भ्याउने समाजिक संस्कार नै बनेको अवस्थामा नारी आफै सबाल्टर्न बन्न पुगेकी छे । उसले सिन्दूर चुरा लगाएर पनि उनका चाहाना पूरा हुन सक्ने अवस्था रहेको छैन । वास्तवमा सिन्दूर र चुराले मात्र जीवनलाई पूणता दिन सक्दै न । जब नारीको हृदय स्वतन्त्र भएर विचरण गर्न सक्छ र सन्तानलाई आफ्नो चाहना अनुरूप अगाडि बढाउन सक्छिन् त्यस समयमा मात्र उनको अस्तित्व कायम भएको देखिन्छ । त्यसैले नारीलाई सामाजिक तथा धार्मिक संस्कारको मान्यताहरूका आधारमा अधीनस्थ हुन बाध्य बनाइएको भन्ने विचारलाई मुक्तककारले यसमा प्रस्तुत गरेका छन् । त्यस्तै पुरुषको दृष्टिकोणबाट पनि नारीलाई समाजमा हेरिने अवस्थालाई प्रस्ट पार्न सकिन्छ । नारी भएपछि चुरा पोते लगाउनुपर्ने, राम्री बन्नुपर्ने, पुरुषका लागि सजिदिनु पर्ने, पुरुषले भने अनुसारको पहिरन लगाउनुपर्ने पुरुषकेन्द्री मान्यताहरूले पनि नारीलाई सबाल्टर्न बन्न बाध्य तुल्याएको पाइन्छ । यस सन्दर्भमा निम्न मुक्तक उल्लेखनीय रहेको छ :

चलोस् हावा मन्द मन्द खुब मनपर्छ
पाउजु र चुराको छन्द खुब मनपर्छ
बादलमा लुकामारी खेल्छ जब चन्द्रमा
मलाई तिम्रो सुगन्ध खुब मनपर्छ । (पृ.६८)

नारीलाई वासनापूर्तिको साधनका रूपमा हेरिने पितृसत्तात्मक समाजले नारीलाई अधीनस्थ बनाउने उपायहरूमा सांस्कृतिक मूल्यमान्यतालाई अगाडि सारेको हुन्छ । नारीले पुरुषलाई मन पराउने हो इन, पुरुषले नारीलाई चयन गर्नुपर्ने र आफ्नो अनुकूल सुगन्धको खोजी गर्नु पुरुषको अधिकारको रूपमा हे रिएको हुन्छ । माथिको मुक्तकको अध्ययन गर्दा पाउजु र चुराको छन्द मन पर्नु पनि नारीले भनेको पक्कै होइन । पुरुषका लागि नारीले पाउजु र चुरा लगाउनुपर्ने अवस्थालाई यसमा प्रस्तुत गरेर नारीलाई एक सुगन्धको रूपमा लिइएको छ । यसबाट पनि समाजमा नारी पुरुषको अधीनमा रहेको अवस्था प्रस्ट भएको छ । यसरी नारीलाई समाजमा सबाल्टर्न बन्न बाध्य तुल्याइएको अवस्थाको सङ्केत यसमा गरिएको छ ।

वर्गीय रूपमा सबाल्टर्नको अध्ययन गर्दा नारी, निम्न वर्ग मात्र होइन समग्र जनतालाई पनि अधीनस्थ बनाएको अवस्था पनि देखिएको छ । देशमा बढ्दो भष्टाचार, नेताहरूको मनोमानी, घोटाला आदिले पनि निम्न वर्गीय जनता रुनुपर्ने अवस्था रहेको देखिन्छ । यस सन्दर्भमा निम्न मुक्तक यहाँ उल्लेखनीय छ :

यो देशलाई कहिले विमानले रुवायो
नेतानेताका तानातानले रुवायो

रुवाउनु रुवायो महंगीले रुवायो
बदलिरहने संविधानले रुवायो । (पृ.५२)

माथिको मुक्तकबाट सम्पूर्ण नेपाली जनता नेताहरूको अधीनमा रहेको र उनीहरूले आफ्नो स्वार्थ पूर्ति गरी जनतालाई सधैं आफ्नो अनुकूल चलाएर रुवाएको भन्ने विषय प्रस्तुत भएको छ । यो विषय वर्तमान राजनीतिक परिवेशमा निम्न वर्गीय समग्र जनतालाई पीडामा धकेलेको अवस्था हो भन्ने प्रस्ट हुन्छ ।

**सबाल्टर्न वर्गको प्रतिकार र विद्रोह**

साहित्य जनका लागि हो भन्ने मान्यताको आधारमा साहित्यको समालोचना गर्दा त्यसमा कसका लागि लेखिएको हो र किन लेखिएको हो भन्ने विषयले स्थान पाएको हुन्छ। सबाल्र्टनको विषय कसका लागि भनेर प्रश्न गर्दा निम्न वर्गका लागि र किन भन्ने प्रश्न गर्दा निम्न वर्गमा भएको अन्याय, अत्याचार, पीडा, दमन, शोषण आदिको अन्त्यका लागि आवाज उठाउन भन्ने उत्तर प्राप्त हुन्छ। यही पक्षलाई आधार मान्दा साहित्यकार तथा मुक्तककार महानन्द ढकालका मुक्तकहरूले पनि कही प्रत्यक्ष त केही अप्रत्यक्ष रूपमा सबाल्टर्न वर्गको पक्षमा प्रतिकार तथा विद्रोहको अवाजलाई प्रस्ततु गरेका छन्। यस सन्दर्भमा ढकालको निम्न एक मुक्तक हेरौं :

बाहुला सुर्केर छाती देखाएर तर्साउन नखोज
चक्कु छुरी समाई माथि देखाएर तर्साउन नखोज
न सगरमाथा झुक्ला, न शीर झुक्ला कहिल्यै
चुल्ठेमुन्द्रे साथी देखाएर तर्साउन नखोज । (पृ. ५)

निम्न वर्ग तथा सोझासाझालाई होच्याउने दिन समाप्त भएको विषयलाई यहाँ प्रस्तुत गरिएको छ । यसबाट समय सधैं एकै किसिमको नहुने हुँदा निम्न वर्ग पनि अन्याय र अत्याचारका विरुद्धमा लड्न तथा प्रतिकार गर्न तयार रहनुपर्छ भन्ने विचारलाई प्रस्तुत गरिएको छ । वेगम थापा (२०७९)ले ढकालका अधिकांश मुक्तकहरूमा नारीसंवेदना, पीडा, जातीय विभेदका विरुद्धमा छटपटी र सीमाना अतिक्रमणका विरुद्धमा आक्रोश र समताको पक्षमा वकालत रहेको उल्लेख गरेबाट पनि उनका मुक्तकहरूमा प्रतिकार र विद्रोह रहेको प्रस्ट हुन्छ। यहाँ पनि सगरमाथा झुक्ला तर शीर झुक्दैन भन्ने जस्तो भनाइले धाक, धम्कीले तर्सनी दिन गए अब त्यसको विरुद्धमा आवाज उठाउनुपर्ने सङ्केत समेत यसमा गरिएको छ। त्यस्तै भ्रष्टाचार गरेर निम्न वर्गमा वितरण हुने सम्पत्ति हडप्ने व्यक्तिहरूलाई नछाडने अभिव्यक्ति पनि दिइएको छ । यसलाई निम्न मुक्तकबाट हेर्न सकिन्छ :

आउनुहोस् पङ्क्ति बनाउनुहोस् ककसको अनुहार मिल्छ ?
छुट्याउनै पर्ने भो भ्रष्टाचारी ककसको निधार मिल्छ ?
कसैले लुकेर खाए, कसैले लुटेर खाए मेरो देश
खानेहरूको घैंटो ननापी भएन, ककसको आकार मिल्छ ? (पृ १८)

भ्रष्टाचारको जालोले व्यक्तिलाई मात्र होइन राष्ट्रलाई पनि जेलेको छ । देशका उपल्लो वर्गले सहजै भ्रष्टाचार गरी रातारात करोडपति बनेका छन् । यो रकम देशका जनताको पसिनाको कमाइ पनि हो र निम्न वर्गको हितका लागि तथा स्वास्थ्य, शिक्षामा लगानी गर्ने रकम पनि भएको हुनाले यसरी लुटेर खाने व्यक्तिहरूलाई पहिचान गरी सजाय दिनुपर्ने विचार व्यक्त गरिएको छ । यसबाट पनि सबाल्टर्न वर्गको प्रतिकार तथा विद्रोहको स्वर मुखरित भएको साथै झुपडीको ढुङ्गाले दरबार पनि ढल्ल सक्ने विचारलाई पनि प्रस्तुत गरेका छन् । राज्य व्यवस्थामा राज्यको बागडोर प्राप्त गर्नका लागि नारा लगाउनेहरूले सर्वाहारा वर्गका लागि नारा लगाउँछन् तर राज्य सञ्चालन गर्ने क्रममा श्रमिकहरूलाई बिर्सन्छन् (वाग्ले, २०७९) । त्यसैले सर्वाहारा वर्गले प्रतिरोध गर्नुपर्ने हुन्छ। यसमा प्रभुत्वशाली वर्गको हेपाहा प्रवृत्तिको विरोध गरी त्यसको प्रतिकार गर्नुपर्ने विचारलाई पनि प्रस्तुत गरिएको छ । यस सन्दर्भमा निम्न मुक्तक उल्लेखनीय छ :

सागर जस्तै शान्त रहन पनि सकिएन
हावाजस्तै चुपचाप वहन पनि सकिएन
स्वाभिमानमा जब खेलवाड मात्रै गरियो
सधैंसधैं बुद्ध बनी सहन पनि सकिएन । ( पृ. ७०)

माथिका पङ्क्तिहरूमा नेपाली सधैं बुद्ध बनेर सहेर बस्न नसक्ने विचार प्रस्तुत गरेर विद्रोहको सङ्केत गरि एको छ । जब नेपाली जनता माथि प्रभुत्वशाली वर्ग वा राष्ट्रले अधीनस्थ बनाउन खोज्दछ त्यस समयमा नेपालीले चुप लागेर बस्न नहुने र प्रतिकार गर्न हावा नभई आँधीहुरीमा रूपान्तरित हुनुपर्ने विचारको सङ्केत गरिएको छ । त्यसैले बेगम थापा (२०७९)का अनुसार ढकालका अधिकांश मुक्तकहरूमा नारीसंवेदना, पीडा, जातीय विभेदका विरुद्धमा छटपटी र सीमाना अतिक्रमणका विरुद्धमा आक्रोश र समताको पक्षमा वकालत रहेको छ भन्ने अभिव्यक्ति पनि सान्दर्भिक बनेको छ । अतः ढकालका मुक्तकहरूमा सबाल्टर्न वर्गको प्रतिकार र विद्रोह पनि रहेको छ भन्ने प्रस्ट हुन्छ ।

**निष्कर्ष**

सिमाना मुक्तक सङ्ग्रहमा राज्यव्यवस्थाको तहमा र वर्गीय अवस्थाको आधारमा सबार्ल्टनको अवस्था अधीनस्थ रहेको छ भन्ने देखिन्छ । मुक्तकहरूमा वर्गीय राज्यव्यवस्थाको साँचो बोकेका व्यक्तिहरू सर्वाहारा वर्गका लागि नारा लगाउने तर आफ्नो दुनो सोझो गराउने गरेको यथार्थ विषयको प्रस्तुति रहेको छ । राज्यले निम्न वर्गीय श्रमिकको पक्षमा कार्य नगरेको र उनीहरूलाई सधैं अधीनस्थ हुन बाध्य बनाएको अवस्था रहको देखिएको छ । श्रमिक वर्ग विदेशमा पैसा कमाउन जाने तर बाकसमा फर्केर आउने दुःखद् अवस्थाको अन्त्य कहिले हुन्छ र श्रमिकले स्वदेशमै रोजगार कहिले पाउँछन् भन्ने विषयको सङ्केतबाट सबाल्टर्न वर्गको पीडालाई प्रस्तुत गरिएको छ । यसमा समाजमा वर्गीय विभेद रहेको हुनाले नारी पनि अधीनस्थ बनेको विषयले स्थान पाएको छ । निम्न वर्गले निकै दुःख, कष्ट, पीडा र अपमानहरूको सामना गरेर बाँचुपर्दछ त्यसमा नारीको अवस्था झन दयनीय रहेको सङ्केत यसमा पाइन्छ । पितृसत्तात्मक सामाजिक संरचनामा धार्मिक, सामाजिक तथा सांस्कृतिक कारणले नारी अधीनस्थ बन्ने विषयलाई पनि यसमा सङ्केत गरिएको छ । यस्तै नारीलाई पुरुषले हेर्ने दृष्टिकोण असमान रहेको भाव पनि प्रस्तुत गरिएको छ । त्यस्तै व्यक्तिमात्र नभई समग्र जनतालाई नै आफू अनुकूल प्रयोग गरी अधीनस्थ बनाई दुःखद् अवस्थामा पुऱ्याइएको विषयलाई पनि मुक्तकमा प्रस्तुत गरिएको छ । अतः यसमा शोषक वर्गका रूपमा उच्च वर्ग साथै राज्य पक्षको मूलधारमा रहेको वर्ग रहको र निम्न वर्ग श्रमिक वर्ग, नारी, मूलधार भन्दा परको अदर्स रहेको देखिन्छ । मुक्तकहरूको अध्ययनको क्रममा सबाल्टर्न वर्गको प्रतिकार र विद्रोहको स्वरलाई पनि कही प्रत्यक्ष त केही अप्रत्यक्ष रूपमा समेटिएको छ । मुक्तकहरूमा सोझसाझा व्यक्तिहरू अब अन्याय, अत्याचारका विरुद्धमा र समानताको पक्षमा लड्न तयार हुनुपर्ने विचारलाई भ्रष्टाचार को विरोधसहित प्रस्तुत गरिएको छ । उपल्लो वर्ग लुटिखाने वर्गमा पर्ने भएकाले उनीहरूको हेपाहा प्रवृत्तिका विरुद्धमा र वर्गीय समानताका लागि प्रतिकार तथा विद्रोह गर्न पनि तयार हुनुपर्ने भावलाई यसमा प्रस्तुत भएको देखिन्छ । त्यतिमात्र होइन प्रभुत्वशाली वर्ग तथा राष्ट्रले अधीनस्थ बनाउन खोजेमा त्यसको विरुद्धमा प्रतिकार गर्नुपर्ने भाव समेत समेटिएको छ । समग्रमा सबाल्टर्नको विषयलाई समावेश गरिएको ढकालका मुक्तकहरूमा राज्यव्यवस्थाको तहमा सबाल्टर्ननको अवस्था नाजुक रहेको र उनीहरूलाई प्रभुत्वशाली वर्ग तथा राज्यको मूलधारमा रहेका वर्गले अधीनस्थ बनाएका छन् र वर्गीय रूपमा सबाल्टर्न वर्गलाई असमान दृष्टिले हेरिएको हुनाले उनीहरूले मुक्तिका लागि प्रतिकार र विद्रोह गर्नुपर्ने भाव रहेको छ भन्ने निष्कर्ष यस अध्ययनमा रहेको छ ।

**सन्दर्भसामग्रीहरू**

एटम, नेत्र (२०७४). सङ्क्षिप्त साहित्यिक शब्दकोश. काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

गिरि, अमर (२०७०).सांस्कृतिक अध्ययनका सैद्धान्तिक आधार र अवधारणा. भृकुटी (भाग १९). काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स, पृ. ११-४६ ।

थापा, 'निश्चल' वेगम (२०७९). सिमानामा फन्को मार्दा, नेपाल फ्ल्यास. : https://nepalflash.com/news/literature/2020/11/18489/61925 Seen 2079.11.02, 1.15, PM

नेपाल, देविप्रसाद (२०७९ पुष २५). 'मुक्तक के हो र कसरी लेखिन्छ ?' होराईजन खबर. https://horizonkhabar.com/news/art-literature/ Seen 2079.10.24, 4.52, PM.

पराजुली, मुरारी (२०७१). मुक्तक : परिचय, परम्मरा र प्रवृत्ति. साहित्य संसार. https://www.sahityasansar.com/?p=4292 Seen 2079.10.24, 2.14, PM.

वाग्ले, महेन्द्र (२०७८, पुष २४ ). 'मुक्तकमार्फत राजनीतिक व्यवस्था र साँढे प्रवृत्तिको भण्डाफोर'. नेपाल समय. https://nepalsamaya.com/book/2022-01-07-173347 Seen 2079.11.06, 2.17, PM.

शर्मा, मोहनराज (२०७०. 'अवरजन अध्ययन र साहित्य '. भृकुटी (भाग १९). काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स, पृ. ३१५-३२५ ।

श्रेष्ठ, तारालाल (२०६८). शक्ति, श्रष्टा र सबाल्र्टन (दो.सं.). काठमाडौँ : डिस्कोर्स पब्लिकेसन ।

Adhikary, R. (2018). Voice of Subalterns in Nepali Dohori Geets. University Of Chitral Journal Of Linguistics & Literature, VOL. 2, ISSUE II._https://ne.wikipedia.org/wiki/%E0%A4%AE%E0%A5%81%E0%A4%95%E0%A5%8D%E0%A4%A4%E0%A4%95 Seen 2079.10.25, 2.10, PM.